# Sindhu Bikash Bank Ltd.
# सिन्धु विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था)
**प्रधान कार्यालय**- बाह्रबिसे, सिन्धुपाल्चोक, नेपाल।
**कर्पोरेट कार्यालय**- बनेपा, काभ्रेपलाञ्चोक।
फोन नं.: ०११-६६२३४०/४१, फ्याक्स नं.०११-६६२३४६
**Email: info@sindhubank.com.np**


# आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।०३।१०)

यस विकास बैंकको सञ्चालक समितिको मिति २०७५।०३।०९ गते बसेको २१९ औं बैठकको निर्णय बमोजिम यस बैंकको आठौं वार्षिक साधारण सभा निम्न उल्लेखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनि महानुभावहरुलाई सभामा सहभागी हुनका लागी हार्दिक अनुरोध गर्दछु।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७५ साल आषाढ ३१ गते आईतवार तदनुसार जुलाइ १५, २०१८
समय : बिहान १० बजे
स्थान : मिरावल रिसोर्ट एण्ड होटल प्रा. लि. धुलिखेल, काभ्रे।

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिबेदन छलफल गरी पारित गर्ने।
२. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०७३/७४ आषाढ मसान्तको वासलात तथा आ.व. २०७३/७४ को नाफा नोक्सान, नगद प्रबाह विवरण, तथा अनुसुचीहरु छलफल गरी पारित गर्ने।
३. आ.व.२०७४/७५ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिले प्रस्ताव गरे बमोजिम नगद लाभांश रु. १४,७७,९३७।७२ (बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ) स्विकृत गर्ने।

**(ख) विशेष प्रस्ताव**

१. संचालक समितिबाट सिफारिस भई नेपाल राष्ट्र बैंकबाट स्विकृत भए बमोजिम बोनस शेयर वितरण गर्न रु. २,८०,८०,८१६।७५ स्विकृत गर्ने।
२. बोनस शेयर जारी गर्दा आउन सक्ने भिन्न अंक (Fraction) का सम्बन्धमा आवश्यक निर्णय गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।
३. विकास बैंकको कार्यक्षेत्र थप २ जिल्ला (चितवन र मकवानपुर) बिस्तार गर्ने।
४. विकास बैंकले विमा अभिकर्ताको (Bancasurance) रुपमा कार्य गर्ने।
५. नियमावलीको नियम ३२ (१) सञ्चालकको भत्ता र सुविधा सम्बन्धी व्यवस्था संशोधन गर्ने।
६. उपर्युक्त प्रस्तावहरु पारित भए पश्चात आवश्यक पर्ने बैंकको प्रवन्ध पत्र तथा नियमावली संशोधन गर्ने।
७. सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने/गाभीने (Merger) वा प्राप्ती (Aquire) गर्ने सम्बन्धमा बैंकको चल अचल सम्पत्ति र दायीत्व तथा कारोवारको मुल्याङ्कन (Due Diligence Audit (DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ती गर्ने सम्वन्धी समभ्फदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य प्रकृया पुरा गरी सो मा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ती सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने।
८. बैंकको प्रवन्ध-पत्र तथा नियमावलीमा संशोधन स्विकृत गर्ने तथा नियमनकारी निकायहरुबाट थपघट/फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
९. सर्वसाधारणहरुको तर्फबाट ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने।

**(ग) विविध।**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## आठौं बार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. सभा कक्ष भित्र प्रवेश गर्न बैंकले जारी गरेको प्रवेश पत्र वा शेयर प्रमाण पत्र साथमा लिई आउनु पर्ने छ।
२. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहनु हुने शेयर धनी महानुभावहरुले बैंकका अर्का शेयर धनी वा कुनै ब्यक्तिलाई प्रतिनिधि तोकी सभा सुरु हुनु भन्दा ४८ घन्टा अगावै बैंकको कर्पोरेट कार्यालयमा प्रोक्सी बुझाई सक्नु पर्नेछ। सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरी सकेपछि, उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि नियुक्त गर्ने भएमा सोको लिखित सूचना सभा सुरु हुनु भन्दा ४८ घन्टा अगावै कर्पोरेट कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ।
३. कुनै शीर्षक अन्तर्गत प्रश्न गर्न चाहाने शेयर धनीले आफुले प्रश्न गर्न चाहेको बिषय बारे सभा हुनु भन्दा ७ दिन अगावै बैंकलाई जानकारी दिनु पर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।
४. सभाका सुरक्षाका लागी खटीएका सुरक्षाकर्मीहरुले शेयर धनी महानुभाव लगायत सभाकक्षमा प्रवेश गर्ने सबै महानुभाव लगायत सभाकक्षमा प्रवेश गर्ने सबै महानुभावहरुको झोला वा शरिर जाँच गर्न सक्नेछन्।
५. शेयरधनी महानुभावहरु सभा सुरु हुनु भन्दा पहिलेनै उपस्थित भईदिनुहुन हार्दिक अनुरोध छ र यहाँहरुको सुविधाको लागी हाजीरी पुस्तीका सभा स्थलमा सभा हुने दिन बिहान ९ बजे सभा चालु रहे सम्म खुल्ला रहनेछ।
६. मिती २०७५/०३/२२ देखि २०७५/०३/३१ सम्म बैंकको शेयर दाखिला खारेज बन्द रहनेछ।
७. अन्य बिस्तृत जानकारी तथा बार्षिक प्रतिबेदनका लागि बैंकको कर्पोरेट कार्यालयमा सर्म्पक गर्नहुन वा बैंकको वेबसाईटः www.sindhubank.com. np मा हेर्नहुन अथवाः फोन नं. ०११-६६२३४१/४० वा फ्याक्स नं.०११-६६२३४६ (कार्यालय समय भित्र) मा सम्पर्क गर्नुहुन अनुरोध छ।